## ६२ औं कार्यपालिका बैठक

आज मिति २०७७ साल वैशाख १० गते बुधबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| १९ | डा. श्रवण कुमार यादव | चिकित्सक | |
| २० | श्री दिपक अधिकारी | स्वास्थ्य संयोजक | |
| २१ | श्री हेमन्त ढकाल | सूचना प्रविधि अधिकृत | |
| २२. | श्री [illegible] बहादुर [illegible] | शाखा अधिकृत | |

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. गंगाजमुना गाउँपालिका प्रकोप व्यवस्थापन कोषका लागि वजेट व्यवस्थापन सम्बन्धमा ।

२. सःशुल्क औषधी वितरण गर्ने सम्बन्धमा ।

३. जनप्रतिनिधि तथा कर्मचारीहरूको तलवबाट प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गर्ने सम्वन्धमा ।

४. स्थानीय तहमा आयोजना समन्वय समिति गठन गर्ने सम्बन्धमा ।

५. विविध ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

## निर्णयहरू

### निर्णय नं. १

विश्वमा महामारी तथा संक्रमणको रूपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रण एवं उपचारका लागि गाउँपालिकाले नेपाल एस.वि.आई. बैंक, गंगाजमुना शाखामा गंगाजमुना गा.पा. प्रकोप व्यवस्थापन कोष (खाता नं. ४३०२५२४०६००००८) खाता खोलिएको र उक्त खातामा आ.व. ०७६/०७७ मा स्वीकृत देहायका योजनाहरूको वोलपत्रबाट कार्यान्वियन गराउँदा कवोल मूल्य कम हुन आई सम्झौता गरे पश्चात बाँकी रहेको तपसिलको रकम उक्त प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रम | विनियोजित वजेट | ठेक्का सम्झौता रकम | ठेक्का सम्झौता पश्चात योजनाको बाँकी रकम | प्रकोप व्यवस्थापन कोषमा दाखिला गर्ने गरम |
|---|---|---|---|---|---|
| १ | ताप्राङखोला- लताव -धुसेनी -तावल -सल्लेरी सडक | ५०००००० | २७६०७६२.६८७ | २०३९२३७.३१ | २०००००० |
| २ | भाजा- रातमाटे - सातदोबाटो सडक | २५००००० | १३००३४७.५ | १०९९६५२.५० | १०००००० |
| ३ | चापकुना- कात्तिके - मन्टारी -फुलखर्क सडक | ३५००००० | १९५०११०.०४३ | १४०९८८९.९६ | १४००००० |
| ४ | गुम्दी - छेलाङ - वरदान -चिमचोक सडक | ३५००००० | १७५०६८४.०२७ | १६०९३१५.९७ | १६००००० |
| | जम्मा (अक्षरेपी साठ्ठी लाख मात्र) | | | | ६०००००० |

### निर्णय नं. २

कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अवलम्वन गरेको वन्दावन्दी (Lock down) का कारण दैनिक रूपमा औषधी सेवन गरिरहनु पर्ने यस गाउँपालिका स्थायी ठेगाना भएका तपसिलमा उल्लेखित रोगी तथा विरामी व्यक्तिहरूलाई १ महिनाका लागि आवश्यक पर्ने औषधीहरूको विवरण सम्वन्धित वडाको स्वास्थ्य चौकीहरू मर्फत संकलन गरी सःशुल्क उपलब्ध गराउन पालिकाले सहजिकरण गर्ने निर्णय गरियो ।

तपसिलः

(क) मानसिक रोग / डिप्रेशन

(ख) प्रेशर

(ग) दम

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ वागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

(घ) सुगर

(ङ) क्यान्सर

(च) मुटुरोग

(छ) मृगौला रोग लगायत अन्य दीर्घरोगका औषधीहरू ।

**निर्णय नं. ३**

विश्वभर महामारी तथा संक्रमणको रूपमा फैलिरहेको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचारको सहयोगार्थ नेपाल एस.वि.आई. बैंक, गंगाजमुना शाखामा गंगाजमुना गा.पा. प्रकोप व्यवस्थापन कोषको खाता नं. ४३०२५२४०६०००००८ मा गाउँपालिकाका जनप्रतिनिधि, तथा पालिकाबाट तलब भत्ता भुक्तानी हुने सम्पूर्ण कर्मचारीहरू (स्वास्थ्यकर्मीहरू बाहेक) ले देहायको रकम सहायता कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**देहायः**

(क) गाउँपालिकाका जनप्रतिनिधिहरूका लागि क्रमशः अध्यक्ष रू १००००, उपाध्यक्ष रू ९०००, वडा अध्यक्ष रू ५०००, कार्यपालिका सदस्य रू ३०००, र वडा सदस्य रू १००० रकम

(ख) रा.प. तृतीय श्रेणीका कर्मचारीहरूका लागि शुरू तलव स्केलको ५ दिनको तलव बराबरको रकम

(ग) रा.प. अनंकित र श्रेणी विहिन कर्मचारीहरूका लागि शुरू तलब स्केलको ३ दिनको तलव बराबरको रकम

**निर्णय नं. ४**

**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन, २०७६)** को ३.४ मा स्थानीय तहमा आयोजना समन्वय समिति गठन गर्नु पर्ने व्यवस्था बमोजिम देहायका पदाधिकारीहरू रहने गरी एक आयोजना समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री बलबहादुर अधिकारी, अध्यक्ष, गंगाजमुना गाउँपालिका | अध्यक्ष |
| २. श्री विनोद रोका, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. श्री भत्त बहादुर लामिछाने, ६ नं. वडा अध्यक्ष | सदस्य |
| ४. श्री सुनिता खतिवडा, शिक्षा अधिकृत | सदस्य |
| ५. श्री लक्ष्मण मैनाली, शाखा अधिकृत | सदस्य सचिव |

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

विविधः

(क) यस गाउँपालिकाका केही सामुदायिक विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिको समयावधी/ कार्यकाल सकिएको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि सोही व्यवस्थापन समितिले नै कामकाज गर्ने निर्णय गरियो ।

(ख) नोभेल कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको क्रममा नेपाल सरकारले गरेको बन्दाबन्दी (Lock down) का कारणले प्रभावित दैनिक ज्याला मजदुर, वेवारिसे तथा वेसाहारा घर परिवारको वडागत संख्यात्मक विवरण सम्बन्धित वडाबाट देहाय बमोजिम पहिचान भएको हुँदा सो संख्यामा नबढने गरी राहत वितरणको प्रवन्ध मिलाउने निर्णय गरियो ।

देहायः

| सि.नं. | वडा नम्वर | घर परिवार संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | १८० | |
| २ | वडा नं. २ | १५० | |
| ३ | वडा नं. ३ | १९४ | |
| ४ | वडा नं. ४ | १८० | |
| ५ | वडा नं. ५ | १२४ | |
| ६ | वडा नं. ६ | २१५ | |
| ७ | वडा नं. ७ | २३८ | |
| | जम्मा | १२८१ | |

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष